नेपाल सरकार

# ऊर्जा मन्त्रालय

## प्रेस विज्ञप्ति

*मिति: २०७४।०९।१४*

संघीय गणतन्त्र जर्मनी र नेपाल सरकारको संयुक्त पहलमा नेपालमा ऊर्जा दक्षता प्रवर्द्धन गर्न सन् २०१० देखि नेपाल ऊर्जा दक्षता कार्यक्रम (Nepal Energy Efficiency Programme - NEEP) सञ्चालनमा रहेको छ । सो कार्यक्रमको तेस्रो चरणको कार्यान्वयनका लागि आज ऊर्जा मन्त्रालय र जर्मन प्राविधिक सहयोग (GIZ) को बीचमा कार्यक्रम कार्यान्वयन सम्झौता सम्पन्न भयो । उक्त सम्झौतामा ऊर्जा मन्त्रालयको तर्फबाट सहसचिव दिनेशकुमार घिमिरे तथा GIZ को तर्फबाट GIZ की कन्ट्री डाइरेक्टर Dr. Elke Foerster ले हस्ताक्षर गर्नु भयो । नेपालको दिगो ऊर्जा विकास अन्तर्गत ऊर्जा दक्षता र ऊर्जाको माग व्यवस्थापनलाई प्रबर्द्धन गर्नका लागि ऊर्जा दक्षताको संस्थागत, नीतिगत तथा कानूनी पक्षका सवालहरु सम्बोधन गर्ने यस कार्यक्रमको लक्ष्य छ । आगामी ३ वर्षभित्र नेपालको राष्ट्रिय ऊर्जा दक्षता कार्ययोजना प्रारुप तयार पार्ने, नेपाल विद्युत प्राधिकरणको विद्युत वितरण प्रणालीमा भइरहेका चुहावट न्यूनीकरण गर्ने, प्राविधिक तथा व्यवसायिक शिक्षाको पाठ्यक्रममा ऊर्जा दक्षतालाई समावेश गर्ने, ऊर्जा लेखा परीक्षण तथा ऊर्जा व्यवस्थापनको क्षेत्रमा आवश्यक क्षमता अभिवृद्धि गर्ने, ऊर्जा दक्षताका सेवालाई विस्तार र विविधीकरण गर्ने, सार्वजनिक तथा निजी क्षेत्रका पूर्वाधारहरुमा ऊर्जा दक्षता प्रबर्द्धन गर्ने जस्ता कार्यक्रमहरुलाई यो सम्झौताले समेटेको छ ।

ऊर्जा मन्त्रालयको मातहतमा सञ्चालन हुने उक्त कार्यक्रममा नेपाल विद्युत प्राधिकरण, नगर विकास कोष, विद्युत विकास विभाग, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, त्रिभुवन विश्वविद्यालय, नेपाल उद्योग वाणिज्य महासंघ जस्ता संस्थाहरु कार्यक्रम कार्यान्वयनमा सहयोगी हुने छन् । यस कार्यक्रमको कार्यान्वयनको लागि जर्मन सरकारबाट ४५ लाख युरो बराबरको अनुदान सहयोग प्राप्त भएको छ ।

**दिनेशकुमार घिमिरे**
सहसचिव एवम् प्रवक्ता